# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।०६।०८

२०७५ सालको ऐन नं १९

**प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न तथा नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न कानूनी व्यवस्था आवश्यक भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागु हुनेछ ।

२. **नियम, कार्यविधि बनाउने प्रदेश सरकारको अधिकारः** (१) गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न एवं सबै प्रशासकीय विषय तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियम, कार्यविधि कानून सरह लागु हुनेछन्।

३. **बचाउः** यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारले जारी गरेका गठन आदेश, नियम, कार्यविधि,निर्देशिका यसै ऐन बमोजिम जारी भएको मानिने छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश